जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक २०५ २०७६ साल चैत ४ गते मंगलबार (17 Mar. 2020 Tuesday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : कोरोना भाइरस र ... ३ पृष्ठमा : आन्तरिक उत्पादन बढेपछि... ३ पृष्ठमा : कोरोना संक्रमणबाट इटालीमा ...

# कोरोना भाइरसको जोखीमबाट जोगाउन तिलाठी कोइलाडी गापाद्वारा १० बुँदे निर्णय




**दैनिक समाचारदाता**
**राजविराज, ३ चैत ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले विश्वभर त्रास फैलाएको कोरोना भाइरसको जोखीमबाट सर्वसाधारणलाई जोगाउन सतर्कता तथा सचेतनाका लागि विभिन्न तयारी तथा कार्यक्रम संचालनका लागि १० बुँदे निर्णय गरेको छ ।

स्थानिय विपद तथा जलवायु उत्थानशिल समितिका अध्यक्ष समेत रहेका गाउँपालिका प्रमुख सतिश कुमार सिंहको अध्यक्षतामा सोमबार बसेको बैठकले कोरोना भाइरसको जोखीमबाट जोगिन र सचेतना फैलाउन विभिन्न १० बुँदे निर्णय गरेको हो ।

विपद् ब्यवस्थापन अधिकृत राजेश झाका अनुसार वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थलहरुमा संचेतनामूलक प्रचार प्रसार सामाग्रि राख्ने, सरसफाईमा विशेष ध्यान दिने र आवश्यकता अनुसार मास्क र स्यानिटाइजर खरीद गरि बितरण गर्ने बैठकले निर्णय गरेको छ ।

यस्तै बजारमा बिक्रिका लागि राखिएको उपभोग्य सामाग्रिको प्राविधिकबाट निरिक्षण, कालोबजारी तथा कृतिम अभाव सृजना गर्न नदिन बजार अनुगमनलाई तिब्रता तथा गाउँपालिका क्षेत्रमा हाल कुनै पनि सभासम्मेलनको आयोजना गर्न नदिने लगायत १० बुँदे निर्णय गरिएको छ ।

अध्यक्ष सिंहले विश्वभर त्रास फैलाएको कोरोना भाइरसको जोखीमबाट स्थानियलाई जोगाउन गाउँपालिकाले साधानश्रोतले भ्याएसम्म काम गर्ने बताए ।

# एसईईका परिक्षार्थीलाई मास्क बितरण गरिने

**दैनिक समाचारदाता**
**सिरहा, ३ चैत ।**

चैत ६ गतेदेखि शुरु हुन लागेको माध्यमिक शिक्षा परिक्षा (एसईई) मा सहभागि हुने परिक्षार्थीहरुलाई लहान नगरपालिका र बिभिन्न संघ संस्थाहरुले मास्क बितरण गर्न लागेको छ ।

लहान नगरपालिका र संघसंस्थाहरुले लहान नगरक्षेत्रका ६ वटा परिक्षा केन्द्रबाट एसइई परिक्षामा सहभागि हुने करिब २ हजार परिक्षार्थीहरुलाई मास्क बितरण गर्न लागेको हो ।

नोबल कोरोना भाइरस (कोबिद १९) को संक्रमणबाट जोगिनका एसइइ परिक्षामा सहभागि हुने परिक्षार्थीहरुलाई मास्क बितरण गर्न लागिएको लहान नगरपालिकाका नगर प्रमुख मुनी साहले जानकारी दिएका छन् । यस्तै एसइइका परिक्षार्थीहरुको स्वास्थ्य सुरक्षालाई दृष्टिगत गरि परिक्षा केन्द्रमा हेल्थ डेक्स समेत राखिने तयारी भईरहेको नगरप्रमुख साहले बताए ।

यसका साथै लहान रोटरी क्लब, उद्योग बाणिज्य संघ, एन प्याब्सन, नेपाल पत्रकार मासंघ,

*बाँकी अन्तिम पृष्ठमा*

## राजविराज नगरपालिका
### ७ नं. वडा कार्यालय, राजविराज, सप्तरी
### साक्षरता कक्षा एवं सहजकर्ता भर्ना सम्बन्धी सूचना

*मिति : २०७६/१२/४*

प्रस्तुत विषयमा तहाँ राजविराज नगर कार्यपालिकाको कार्यालय राजविराज सप्तरी आ.ब. २०७६/०७७ को शिक्षा च.नं. १६७ को पत्र प्राप्त भई नगरपालिका पूर्ण साक्षर घोषणा गर्ने प्रतिबद्धता एवं नगर अनौपचारिक शिक्षा समितिको मिति २०७६/११/२२ को निर्णय अनुसार प्रथम चरणमा यस वडालाई पूर्ण साक्षर घोषणा गर्ने कार्यक्रमको लागि २ (दुई) जना महिला सहजकर्ताको आवश्यकता रहेकोले सो पदका लागि ईच्छुक स्थानिय महिला आफ्नो शैक्षिक प्रमाण पत्र लिई सूचना प्रकाशित भएको मितिदेखी ३ (तीन) दिन भित्र यस वडाको कार्यालयमा न्युनतम एसएलसी वा एसईई उत्तिर्ण भएको शैक्षिक प्रमाणपत्रको प्रतिलिपी र नागरिकताको प्रतिलिपी तथा सम्बन्धीत क्षेत्रमा प्राप्त कुनै अनुभव भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरि आवेदन पेश गर्नहुन आह्वान गरिन्छ ।

**माँगिलाल नाई**
**वडा अध्यक्ष**
**रा.वि.न.पा. वडा नं. ७**

# वडा नं. ६ को कार्यालय भवन शिलान्यास

**दैनिक समाचारदाता**
**राजविराज, ३ चैत ।**

राजविराज नगरपालिका वडा नं. ६ को कार्यालय भवनको सोमबार एक कार्यक्रमबीच शिलान्यास गरिएको छ ।

वडा नं. ६ स्थित शान्ति टोलमा २ कठ्ठा १६ धुर जग्गा वडा कार्यालयले उपलब्ध गराएपछि नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, उपप्रमुख साधना झा, प्रमुख प्रशासकीय अधिकृत मदन थापालगायतले संयुक्त रुपमा शिलान्यास गरेका हुन् ।



कुल ५९ लाखको लागतमा निर्माण हुन लागेको एक तल्ले भवनमा तीन कोठा, एक हल र एक शौचालय रहेको छ भने उक्त भवन चालु आ.ब. को असार मसान्त भित्र उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गर्ने योजना रहेको वडा अध्यक्ष प्रेम कुमार यादवले जानकारी दिएका छन् ।

शिलान्यास कार्यक्रममा विभिन्न वडाका अध्यक्ष तथा पदाधिकारी, संचारकर्मी, स्थानियवासी लगायतको उपस्थिति रहेको थियो ।

# छतबाट लडेर नाबालकको मृत्यु


**दैनिक समाचारदाता**
**सिरहा, ३ चैत ।**

सिरहाको अर्नमा गाउँपालिकामा १ मा आफ्नै घरको छतबाट लडेर सोमबार बिहान एक नाबालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा अर्नमा गाउँपालिका १ निवासी मोहम्मद वारिद अन्सारीको ५ बर्षीय छोरा मो. रेहान अन्सारी रहेको प्रहरीले जनाएको छ ।

घरको छतमा खेल्दै गरेको

*बाँकी अन्तिम पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | PRABHU Money Transfer | CITY EXPRESS | IME International Money Express | IME pay | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

## सम्पादकीय

### पेट्रोलियम पदार्थ सहजरुपमा आपूर्ती गराउनेतर्फ ध्यान पुगोस्

सप्तरीमा अहिले खाना पकाउने ग्यासदेखी पेट्रोलियम पदार्थ आपूर्तीमा अभाव देखिएको छ । विश्वव्यापी रुपमा फैलिदै गएको कोरोना भाइरसको संक्रमणका कारण सो आपूर्तीमा अभाव भएको व्यापारीहरु बताउछन् । तर, पेट्रोलियम पदार्थको अभाव भने जस्तो रहेको छैन् । यसको मुख्य कारण हो पेट्रोलियम पदार्थको मुल्यमा समायोजन । नेपाल आयल निगमले मंगलबारदेखी डिजल, पेट्रोल र मटितेलमा २ रुँपैया प्रति लिटर घटाएको छ । यही कारणले व्यापारीहरुले कृतिम रुपमा अभाव सृजना गरेको देखिन्छ ।

यसरी दैनिक रुपमा आमउपभोक्तालाई चाहिने यस्ता बस्तुहरुको अभावले जनजिवन कष्टर बन्ने गरेको छ । व्यापारीहरुले कृतिम रुपमा अभाव सृजना गरेर कालोबजारी गर्नेतर्फ पुराने बानीलाई यथावत राखेका छन् । यस्तै सरकारी निकायले भने यसप्रति चासो देखाउनु नसक्नु पनि आफैमा दुःखदायी हो । विगतमा पनि पेट्रोलियम पदार्थको मुल्य घट्ने हल्ला चलेकै भरमा अभाव सृजना हुने गर्थ्यो । र अहिले पनि यही अवस्था छ ।

आममानिसका लागि अहिले डिजल, पेट्रोल र मटितेल अतिआवश्यक बस्तु भइसकेको छ । त्यसमा पनि खाना पकाउने ग्यास त अति आवश्यक नै भइसकेको छ । सहरदेखी ग्रामिण भेगका जनताहरु अहिले ग्यासमै खाना पकाउछन् । पराम्परागत शैली दाउरामा खाना पकाउने बानी उनीहरुले त्यागेर बढ्दो आधुनिकतासँगै ग्यासमै खाना पकाउने थालेका छन् । जसको फाइदा व्यापारीहरुले अहिले उठाउने गरेका छन् । अहिले ग्यासको अभाव पनि निकै रहेको छ । १५ दिनसम्म पनि लाइनमा राखेर ग्यासको सिलिण्डर पाउने अवस्था छैन् ।

तसर्थ यस्ता कृतिम अभावलाई मध्यनजर गर्दै सरकारी निकायले जनतालाई शुलभ तरिकाबाट पेट्रोलियम पदार्थ लगायत ग्यासको सहजरुपमा आपूर्ती गराउनेतर्फ ध्यान पुऱ्याउनु आवश्यक छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# कोरोना भाइरस र स्थानीय जनप्रतिनिधिको काम



**अमरनाथ मण्डल**

अहिले सम्पूर्ण विश्वनै कोरोना भाइरसको प्रकोटबाट आक्रान्त बन्दै गइरहेको अवस्थामा नेपालमा प्रकोपको अवस्था न्यून रहेको सम्बन्धमा नेपालका छिमेकी राष्ट्र भारत र चीनमा कोरोना भाइरसको प्रकोप बढिरहेको अवस्थामा नेपाल पनि जोखिमपूर्ण अवस्थाको केन्द्रबिन्दु रहँदै आएको भाइरसको अनावश्यक हल्लाले मानिसको जनजीवनमा पर्ने असरहरु लगायतका अन्य उपभोग वस्तुहरुको कालो बजारी कारणले गर्दा झन अहिले त्रासको वातावरण अवस्था सिर्जना भएको छ । तर स्थानीय जनप्रतिनिधिहरुको कोरोना भाइरसप्रतिको सचेतना लगायत भाइरसको संक्रमण नआउन दिन कुनै प्रकारका गतिविधिहरु स्थानीय सरकारले र स्थानीय जनप्रतिनिधिहरुले तद्‌रुपता नदेखाएको कारणले गर्दा अहिले सर्वत्र रुपमा स्थानीय सरकारहरुप्रतिको नाकारात्मक सन्देशहरु फैलिरहेका छन् ।

सप्तरी जिल्लामा नगरपालिका, गाउँपालिका, वडा कार्यालय देखि लिएर स्थानीयय निकायहरु कमिशनतन्त्रको लागि विकाशीय बजेटहरुमा मस्त रहेको सन्दर्भमा विश्वनै आक्रान्त रहेको अवस्थामा कुन बेला पनि भाइरस प्रकोपको अवस्था सिर्जना हुन सकिन्छ भने सन्दर्भमा स्थानीय निकायहरुले कुनै पनि चेतनामूलक गतिविधिहरु संचालन नगरेको तथा एक दुई वटा मात्रै नगरपालिका र गाउँपालिकाहरुले न्यून प्राविधिकको उपस्थितिमा हेल्प डेस्कको नाम मात्रको संचालन गरेकोमा तथा नगर र ग्रामिण स्तरहरुमा सचेतना प्रचार अभियानलाई अगाडि नबढाएको सन्दर्भ लिएर अहिले स्थानीय निकायहरु किन त्यस्तो महामारीको प्रकोप आउने बेलामा चुप लागेर बसेको भन्ने बुझ्न गाह्रो भइरहेको छ ।

जिल्लाको स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी एक मात्र गजेन्द्र नारायण सिंह अस्पतालको अवस्था दिनप्रतिदिन स्वास्थ्य गतिविधिहरुमा प्राविधिकदेखि लिएर भौतिक पूर्वाधार लगायत यन्त्रहरुको अभाव रहेको सन्दर्भमा अहिले स्थानीय निकायहरुबाट कोरोना भाइरसको प्रकोपलाई रोक्नको लागि प्रत्येक गाउँपालिका, नगरपालिका तथा वडा कार्यालयहरु सचेतना अभियानलाई गाउँ गाउँमा गरी टोल-टोलमा गई अभियानमा तद्‌रुपता देखाउनुपर्ने आवश्यक्ता देखिन्छ । ग्रामिण स्तरमा रहेका स्वास्थ्य चौकीहरुमा विशेष निरिक्षण र अनुगमण गरी थप प्राविधिक टोलीहरु पठाई गाउँ र टोलहरुमा स्वास्थ्य जाँचको प्रक्रियालाई अगाडि बढाई स्वास्थ्य क्षेत्रमा थप बजेटको व्यवस्था मिलाई अन्य स्तरबाट यस्तो विकट समयमा करारमा स्वास्थ्य प्राविधिकहरु नियुक्त गरी अभियानलाई तीब्रता दिनुपर्ने आवश्यकता देखिन्छ ।

छिमेकी राष्ट्र भारत र नेपालको खुल्ला सिमानाका कारण भारतमा अहिले दिनप्रतिदिन बढिरहेको कोरोना भाइरसको प्रकोप नेपाल तिर पनि आउने प्रबल सम्भावना नाकाहरुबाट आउने सर्वसाधारणहरुलाई अनौपचारिकता मात्र जाँचलाई केन्द्रबिन्दु नबनाई सक्रिय र भरपर्दो रुपमा विशेष स्वास्थ्य टोलीहरु पठाई नाकाहरुमा कडाईको साथ जाँच प्रक्रियालाई अगाडि बढाउने केन्द्रीय सरकारको मुख हेरी बस्ने अवस्था छैन । त्यस्को लागि स्थानीय सरकारहरुले आपत्तकालिन बोर्डको बैठक बसाई आवश्यक बजेटहरु कोरोना भाइरसको नियन्त्रणको लागि खर्च गर्न निकाशा गर्नु पर्ने र यस्ता बजेटहरुलाई जनचेतनाको लागि हेल्प डेस्कको लागि स्वस्थ्य चौकीहरुलाई प्राविधिक टोलीहरु रहित बनाउनका लागि खर्च गर्नुपर्छै । तर अहिले नगरपालिकाका मेयरदेखि लिएर गाउँपालिकाका अध्यक्षसम्म जनप्रतिनिधिहरु भौतिक निर्माणको कार्यहरुको संचालनमा उपभोक्ता समितिदेखि लिएर कोटेशन र टेन्डरसम्म व्यस्त रहेको सन्दर्भ लिएर यस्तो मानविय संकटको बेला कमिशनको लोभ नछाडि जनताको प्रत्यक्ष स्वास्थ्य सरोकारहरुको विषयमा खेलवाड गरिरहेको सन्दर्भ लिएर स्थानीय नागरिक समाजदेखि लिएर सर्वसाधारणहरु चिन्तित मनोदशाको स्थितिमा रहेको छ ।

नेपालको सन्दर्भमा कोरोना भाइरसको प्रकोप अहिलेसम्म नेपालमा नदेखिएको आधिकारिकता रुपमा नेपाल सरकारले पुष्टि गरिसकेको अवस्थामा अनावश्यक रुपमा हल्ला फलाई काला बजारी विचौलियाहरुको बिगबिगिहरुको कारणले गर्दा वस्तु भाउहरुको मूल्य दिनप्रतिदिन बढिरहेको सन्दर्भ लिएर स्थानीय जनप्रतिनिधि तथा सम्बन्धित निकायहरुको चाँसो नदेखिएको गर्दा खाना पकाउने ग्यासदेखि लिएर औषधि समेतको अभाव देखिएको अवस्थामा सर्वसाधारणहरुले पिडाको अनुभूति गरिरहेको स्थानीय निकाय र स्थानीय जनप्रतिनिधिहरु नगरपालिका र गाउँपालिकाहरुमा भाइरस प्रकोपको रोकथामको लागि वृहत कार्यक्रमको संचालनको लागि नगरस्तरीय निर्णय, गाउँपालिका स्तर निर्णय गरी सम्पूर्ण जनप्रतिनिधिहरुलाई प्रचार प्रसार अभियानलाई तिब्रता दिनको लागि परिचान गर्नुपर्ने आवश्यकता देखिन्छ । तथा अनावश्यक रुपमा समाजिक सञ्जालहरुबाट फैलाइरहेको हल्ला तथा अन्य गतिविधिहरुबाट त्रासित रहेका सर्वसाधारणहरुलाई समय समयमा कोरोना भाइरसको अवस्था बारे स्थानीय सरकारले सार्वजानिक रुपमा पत्रकार सम्मेलन गरी जानकारी गराउनुपर्ने आवश्यकता देखिन्छ ।

जे होस् मानवीय सुरक्षाको सम्पूर्ण जिम्मेवारी स्थानीय निकाय र स्थानीय सरकारको रहेको अवस्थामा नगर, शहर, गाउँ-गाउँहरुमा सरसफाई अभियानहरुलाई तिब्रताकासाथ अगाडि बढाई नियन्त्रणको लागि आवश्यक औषधिहरु छिर्कनको लागि व्यवस्था मिलाउनु पर्ने अवस्था देखिन्छ । स्थानीय जनप्रतिनिधिहरुले अहिले देखिएका विकराल माहामारीको नियन्त्रणको लागि सम्पूर्ण योजनाहरुको कार्यहरुलाई केही दिनको लागि स्थगित गरी कोरोना भाइरस जोखिम तथा नियन्त्रणको क्रममा क्रियाशिल हुनुपर्ने आवश्यकता देखिन्छ ।

# स्प्राईट लगाउँ, प्यास बुझाउँ

**दैनिक समाचारदाता**
**काठमाडौं, ३ चैत ।**

स्प्राईटले समर क्याम्पेन "स्प्राईट लगाउँ, प्यास बुझाउ" को टिभीसी सार्वजनिक गरेको छ ।

गर्मीको आगमनसँगै स्प्राईटले उपभोक्ताहरुलाई शीतल राखेर घामको तापमा पनि स्प्रष्टसंग सोच्न सक्ने अल्टिमेट रिफ्रेसरको रुपमा आफूलाई प्रस्तुत गर्दै आएको कम्पनीले जनाएको छ ।




नयाँ टिभीसीमा स्प्राईटकै ब्राण्ड एम्बेसेडर अनमोल केसी रहेका छन् । यस विज्ञापन हाम्रो दैनिक अवस्थाको वरिपरि रहेर बनाइएको छ जनाउँदै जहाँ हामी सार्वजनिक यातायातमा आपत्तिजनक व्यक्तिहरुको सामना गर्छौं जो कोलाहपूर्ण र देखावटी गर्ने स्वभावका हुन्छन्, जसले सबैको सवारीलाई अप्रिय र असहनीय बनाउँदछ ।

टिभीसीको शुरुवातमा गर्मीको दिनमा पसिनाले धेरै भिजेका अनमोल केसी बस स्टपमा बस पर्खिरहेका हुन्छन् । अनमोल बसमा चढ्छन् र एउटा मात्र खाली रहेको सिटमा बस्न लागिरहँदा एक जना आपत्तिजनक मानिसले उसलाई धक्का दिएर आफू बस्छ । पहिले नै बस एकदम भीड थियो त्यसमाथि गर्मी पनि थियो, तर, त्यो मानिसको असभ्य व्यवहारले अझ बढि असहनिय बनाइरहेको हुन्छ । उसले बसको सहचालक सहित सबैलाई दिक्दार बनाउँदै एसीको माग गरिरहेका हुन्छन् र मौसमको बारेमा गुनासो गरिरहेका हुन्छन् । जब उसको व्यहोराले सबैको पारो ततायो, अनमोल केसीले आफूलाई चिसो स्प्राईटले शान्त बनाए । त्यसपछि अनमोलले असभ्य मान्छेलाई हेरे र तीक्षण तरिकाले स्प्राईटको बोतल देखाउँदै तयस"हाम्रो एसी" भनेर उद्‌घृत गरे । असभ्य मान्छे आश्चयचकित भयो र अनुहारमा असजिलोपन महशुस गर्दै बस्यो ।

टिभीसीका बारेमा कोका-कोला नेपालका कन्ट्री डिरेक्टर अम्बुज सिंहले भन्नुभयो, "हामी सबैले चुनौतिपूर्ण व्यक्तिहरु भेटेका हुन्छौं जसले कहिलेकाहिँ हाम्रो धैर्यताको जाँच गर्दछन् । स्प्राईट जहिले पनि एक रिफ्रेसिङ्ग पेय पदार्थको रुपमा परिचित छ जसले हामीलाई शान्त राख्न मद्दत गर्दछ । तसर्थ जब परिस्थीतिमा समस्या उत्पन्न हुन्छ र हाम्रो धैर्यताको जाँच हुन्छ, तब चिसो स्प्राईट पिउनुहोस् र आफुलाई शान्त राख्नुहोस् ।"

# एनएमबि बैंकद्वारा स्वास्थ्य बिमादाबी भुक्तानी




**दैनिक समाचारदाता**
**काठमाडौं, ३ चैत ।**

एनएमबि बैंकको विरगंज शाखामा "एनएमबि सहारा बचत खाता" खोली कारोबार गर्दै आएका प्रकाश मान श्रेष्ठको बोन म्यारो प्रत्यारोपण गरेकोमा बिमितले पाउने ४ लाख ३६ हजार ३ सय ३५ रुपैयाँ निजलाई हस्तान्तरण गरिएको छ ।

बैंकका प्रदेश २ प्रमुख राजेश तिम्सिना र विरगंज शाखा प्रमुख दिपेन्द्र मिश्रले संयुक्त रुपमा श्रेष्ठलाई स्वास्थ्य बिमावापतको रकम हस्तान्तरण गरेका हुन् ।

बैंकको उक्त खाता योजनामा नेपाल भरी पैसा झिक्दा अतिरिक्त शुल्क नलाग्ने डिलाइट एटिएम, दश लाखसम्मको दुर्घटना बिमाको साथै १८ घातक रोगहरुमा स्वास्थ्य उपचार विमा सुविधा प्रदान गर्दै आइरहेको छ ।

बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले बिभिन्न स्थानमा शाखा, बिस्तारित सेवा तथा शाखा रहित बैंकिङ्ग सेवामार्फत आफ्ना ग्राहक माझ सेवा पुऱ्याउदै आईरहेको छ ।

एनएमबी बैंकले हाल देशभरि १६४ शाखा, १३१ एटीएमहरू, ५ एक्सटेन्सन काउन्टरहरू, ३००३ क्यूआर र ३५८ भन्दा बढी पोस मेसिन मार्फत उच्चस्तरीय बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । बैंकले फाइनान्सियल टाइम्स लन्डनबाट सन् २०१७ र २०१८ मा लगातार दुई वर्षसम्म 'बैंक अफ द इयर' सम्मान प्राप्त गरेको छ ।

# आन्तरिक उत्पादन बढेपछि विद्युत् आयात ३३ प्रतिशतले घट्यो

काठमाडौँ, ३ चैत (रासस) ।

देशभित्रै उत्पादनको मात्रा बढ्दै गएपछि चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा कूल रु ६ अर्ब ६१ करोड बराबरको विद्युत् खरिद भएको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको 'नेपालको वैदेशिक व्यापार प्रवृत्ति' विषयक अध्ययन प्रतिवेदनअनुसार नेपालले भारतबाट आर्थिक वर्ष २०७५/७६ को तुलनामा चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा झण्डै ३३ प्रतिशतले विद्युत् आयात कम भएको छ । बैंकका अनुसार सो अवधिमा कूल ३२.९ प्रतिशतले विद्युत् आयात घटेको हो ।

देशभित्रै आन्तरिक उत्पादन बढ्दै गएको, सरकारले ऊर्जा क्षेत्रलाई प्रमुख प्राथमिकतामा राखेका कारण पनि विद्युत् आयात कम भएको हो । चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा कूल विद्युत् जडित क्षमतासमेत बढेर एक हजार ३०० मेगावाटको हाराहारीमा पुगेको छ ।

चालु आवको ६ महिनाको अवधिमा मात्रै कूल १३० मेगावाटको हाराहारीमा विद्युत् थप भएको छ । हिँउदको समयमा अपुग भएको विद्युत् मात्रै आयात गरिएको छ । देशभित्रै ऊर्जाको स्रोत बढ्दै गएको कारण पनि आयातमा कम भएको हो ।

चालु आर्थिक वर्षको अन्त्यसम्म माथिल्लो तामाकोशीलगायत आयोजनाबाट एक हजार ३०० मेगावाट विद्युत् थप गर्ने सरकारको योजना छ । कोरोना भाइरसका कारण केही आयोजनामा समस्यासमेत उत्पन्न भएकाले तत्कालै सरकारको लक्ष्य पूरा हुने कि नहुने भन्नेमा आशङ्का पैदा भएको छ ।

यस्तै वर्षाको समय भएर पनि आन्तरिकरूपमा नै विद्युत् उत्पादनसमेत बढी हुँदा आयात कम भएको बताइन्छ । सो अवधिमा विद्युत् आयात मात्रै नभई कूल ६८ करोड बराबरको विद्युत् निर्यातसमेत भएको छ ।

केन्द्रीय बैंकका अनुसार नेपालभित्रै विद्युत् उत्पादनको क्षमतामा वृद्धि भइरहेकाले पनि विद्युत् आयात अझै कम हुँदै जाने देखिन्छ । आगामी वर्षमा ठूला परियोजना सञ्चालनमा आउने हुनाले पनि विद्युत् व्यापार नेपालको पक्षमा हुने देखिएको बैंकको निष्कर्ष छ ।

गत वर्षको समयमा नेपालले बढी भएको विद्युत् भारत निकासी गरेको थियो । नेपाल विद्युत् प्राधिकरणका अनुसार इनर्जी बैंकिङको योजनालाई व्यावहारिक रूपमा कार्यान्वयन गर्ने लक्ष्यका साथ गत साउनदेखि भदौको दोस्रो सातासम्म कुलेखानी जलाशयलगायत आयोजनाको विद्युत् रक्सोल-परवानीपुर १३२ केभी प्रसारण लाइनमार्फत निर्यात गरिएको थियो ।

यस्तै नेपालले ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनका अलावा अन्य ११ विन्दुबाट विद्युत् आयात गरिएको छ । सरकारले दोस्रो अन्तरदेशीय प्रसारण लाइनका रूपमा बुटवल-गोरखपुर प्रसारण लाइन निर्माणको तयारी थालेको छ । सो प्रसारण लाइन निर्माणका लागि नेपाल र भारतले समान हिस्सा लगानी गर्ने सहमति यसअघि नै भएको छ । सो प्रसारण लाइनसमेत कूल ४०० केभी क्षमतामा नै निर्माण हुनेछ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले दश वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने र त्यसमा पाँच हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्यका साथ काम भइरहेको बताउनुहुन्छ । सरकारले प्रदेश नं २ बाहेक हरेक प्रदेशलाई केन्द्रमा राखेर एक/एक बहुउद्देश्यीय जलाशययुक्त आयोजना निर्माणको कामसमेत शुरु गरिसकेको छ ।

└ बैंकका अनुसार आर्थिक वर्ष २०७१/७२ मा रु नौ अर्ब ६६ करोड, आव २०७२/७३ मा रु १३ अर्ब १२ करोड, आव २०७३/७४ मा रु रु १६ अर्ब ५८ करोड, आव २०७४/७५ मा रु १४ अर्ब ६७ करोड, आव २०७५/७६ मा रु २१ अर्ब ३१ करोड बराबरको विद्युत् आयात भएको छ ।

**२१ अर्बको निर्माण उपकरण आयात**

यस्तै बैंकका अनुसार चालु आवको ६ महिनामा कूल रु २१ अर्ब बराबरको निर्माण उपकरण तथा सवारीसाधनको आयात भएको छ । विकास निर्माणको कामले गति पाउँदा निर्माण उपकरणको आयात बढेको छ । आव २०७४/७५ मा अधिकतम रु ६१ अर्ब ४४ करोड बराबरको निर्माण उपकरण आयात भएको देखिन्छ ।

आव २०७५/७६ मा भने रु ४७ अर्ब ६ करोड बराबरको उपकरण आयात भएको बैंकको विवरणमा उल्लेख छ । आव २०७४/७५ को तुलनामा आव २०७५/७६ मा २२.६ प्रतिशतले आयात कम भएको देखिन्छ । आव २०७५/७६ को ६ महिनामा कूल रु १८ अर्ब ४४ करोड बराबरको हवाईजहाज तथा पाटपुर्जा आयात भएकामा चालु आवको ६ महिनामा कूल रु १४ अर्ब ८० करोड बराबरको आयात भएको छ ।

यस्तै आव २०७५/७६ को ६ महिनामा कूल रु नौ अर्ब ५३ करोड बराबरको सिमेन्ट आयात भएकामा आन्तरिक उत्पादन वृद्धि भएकाले चालु आवको ६ महिनामा रु दुई अर्ब दुई करोडको मात्रै सिमेन्ट आयात भएको छ । सिमेन्ट उद्योगीहरूका अनुसार नेपाल सिमेन्टमा आन्तमनिर्भर बनेकाले कम मात्रामा आयात भएको हो ।

देशको व्यापार घाटा हरेक वर्ष बढ्दै गएकाले त्यसलाई कमी ल्याउन संरचनात्मक सुधारको आवश्यकता रहेको बैंकको अध्ययनको निष्कर्ष छ । वैदेशिक व्यापारको आकारमा भएको वृद्धिअनुसार निर्यातको हिस्सा बढ्न सकेको छैन । आर्थिक वर्ष २०७५/७६ मा निर्यातको कूल गार्हस्थ्य उत्पादनसँगको अनुपात २.८ र कूल व्यापारमा निर्यातको अंश ६.४ प्रतिशत रहेको छ । निर्यातको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात घट्दै गएको छ ।

विगत लामो समयदेखि आयातको संरचनामा खासै ठूलो परिवर्तन भएको छैन । निर्याततर्फ भने २०४० को दशकमा अग्रस्थानमा रहेका वस्तुहरूको हिस्सा पछिल्ला वर्षमा घटेको छ । नेपालको वैदेशिक व्यापार देशगत र वस्तुगतरूपमा विविधीकरण गर्दै जानुपर्ने देखिन्छ । नगद अनुदानसम्बन्धी व्यवस्था कार्यान्वयनमा आएपछि अनुदान प्राप्त गर्ने वस्तु जडीबुटी, अलैँची, चिया, ऊनी गलैँचा, पश्मिना, जुट र जुटका सामान, तयारी पोसाक आदिले निर्यातमा सकारात्मक योगदान पुऱ्याएको देखिन्छ ।




## विश्व समाचार

### कोरोना संक्रमणबाट इटालीमा पछिल्लो २४ घण्टाभित्र ३ सय ६८ जनाको मृत्यु

रोम, ३ चैत (रासस/एएफपी) ।

इटालीमा आइतबार कोरोनाभाइरसको सङ्क्रमणबाट सबैभन्दा धेरै मानिसको मृत्यु भएको छ । विश्वभर ६ हजारभन्दा बढी व्यक्तिको ज्यान लिएको कोरोनाको सङ्क्रमण रोक्न युरोपेली मुलुकका सरकारहरूलाई अझ बढी नियन्त्रणका उपाय अबलम्बन गर्न बाध्य बनाएको छ । इटालीमा आइतबार कोरोनाको सङ्क्रमणबाट ३६८ जनाको मृत्यु भएको छ । इटालीमा मृतकको सङ्ख्या योसमेत एक हजार ८०९ पुगेको छ । चीनपछि सबैभन्दा प्रभावित मुलुक अब इटाली भएको छ । भ्याटिकनले पनि इस्टर सप्ताह समारोह रद्द गरेको छ । पोप फ्रान्सिस आइतबार भ्याटिकन शहरमा पैदल हिँडेर कोरोनाभाइरस महामारीको शिकार भएकाहरूका लागि एउटा गिर्जाघरमा प्रार्थना गर्न जानु भएको थियो । कोरोनाभाइरसबाट प्रभावित फ्रान्स र स्पेनमा पनि क्याफे, पसल र रेस्टुरेन्टहरू बन्द गरिएका छन् । फ्रान्सले अति जरुरी बाहेकका व्यवसायहरू बन्द गर्न आदेश दिएको छ भने स्पेनले एक कदम अगाडि गएर मानिसहरूलाई स्वास्थ्य सेवा वा खाद्यान्न किन्न बाहेकका अरू काममा घर छोड्न प्रतिबन्ध लगाएको छ । जर्मनीमा कोरोना सङ्क्रमित व्यक्तिको सङ्ख्या बढेपछि फ्रान्स, अस्ट्रिया, स्विट्जरल्याण्ड, लक्जमबर्ग र डेनमार्कसँगका सीमामा सोमबारदेखि कडाइ गरेको छ ।

**अमेरिकी विमानस्थलमा भिडभाड-**

संयुक्तराज्य अमेरिकाले गत हप्ता युरोपका सबै मुलुकका नागरिकमाथि अमेरिका यात्रामा प्रतिबन्ध लगाएको थियो । नयाँ प्रतिबन्धले अमेरिकी विमानस्थलमा ठूलै भीडभाड र अन्यौलको वातावरण सिर्जना गरेको छ । विमानस्थलमा यात्रुहरूको ठूलो समूहले गुनासो गरे पनि कर्मचारीहरूले नयाँ प्रवेश नियमहरू र मेडिकल स्क्रीनिङमा कडाइ गरेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको स्वास्थ्य परीक्षणमा कोरोनाको सङ्क्रमण देखिएको छैन । उहाँ अमेरिका भ्रमणमा रहनु भएका ब्राजिलका राष्ट्रपतिको प्रतिनिधिमण्डलका धेरै सदस्यसँग भेटवार्ताका क्रममा सम्पर्कमा आउनु भएको थियो । अमेरिकी अर्थमन्त्री स्टिभन मन्चिनले आइतबार महामारीको प्रभावले अमेरिकी अर्थतन्त्रमा केही "मन्दी" उत्पन्न भएको बताउनुभएको थियो तर उहाँले यस्तो मन्दी धेरै दिन नरहने दाबी गर्नुभएको छ । आधिकारिक स्रोतहरूबाट एएफपीले सङ्कलन गरेको तथ्याङ्कअनुसार, आइतबारसम्ममा विश्वभर ६ हजार ४२० जनाको मृत्यु भएको छ भने एक लाख ६३ हजार ९३० जना बिरामी भएका छन् । यो रोग विश्वका १४१ मुलुकमा देखिएको छ । युरोपमा आइतबारसम्ममा कोरोनाभाइरसको संक्रमणबाट मर्नेको सङ्ख्या २,००० नाघेको छ । यो रोगले विश्वका सबै क्षेत्रहरूमा असर पारेको छ, खेल र सांस्कृतिक क्यालेन्डरहरू रद्द भएका छन्, शेयर बजार र व्यवसायलाई हल्लाइदिएको छ - विशेष गरी एयरलाइन्स ।

**चीनले विदेशी यात्रुलाई क्वारेन्टाइनमा राख्ने-**

चीनमा कोरोना सङ्क्रमितको सङ्ख्या ८० हजार ८४४ जना पुगेको छ जसमध्ये ३ हजार १९९ जनाको मृत्यु भएको छ । निकै ठूलो सचेतता अपनाएका कारण ६६ हजार ९११ जना बिरामी निको भएर घर फर्केका छन् । चीनले पछिल्लो पटक विदेशी यात्रुहरूलाई नयाँ नियमहरू घोषणा गरेको छ । चीन प्रवेश गर्ने हरेक व्यक्तिलाई क्वारेन्टाइनमा बस्नुपर्ने नियम बनाइएको छ । करिब ७२४ जनाको मृत्यु भइसकेको इरानमा सार्वजनिक स्थलमा मानिसलाई भेला नहुन आदेश जारी गरिएको छ । इरान अहिले चीन र इटालीपछि सर्वाधिक प्रभावित मुलुक हो । बेलायतले स्थानीय चुनावहरू रद्द गरेको छ । बेलायतले पनि अन्य युरोपेली राष्ट्रहरूकै अनुसरण गर्ने र जनसमुदायको जमघटमा प्रतिबन्ध लगाउने सङ्केत दिएको छ । अर्कोतर्फ, फ्रान्सले आइतबारका लागि तय भएको नगरपालिका चुनाव अगाडि बढ्न अनुमति दिएको छ । नेदरल्यान्ड्स सरकारले नयाँ कोरोनाभाइरसको सङ्क्रमणको खतरा औँल्याउँदै देशका सबै स्कुल, बार, रेस्टुरेन्ट, यौनक्लब र क्याफेहरू बन्द गर्ने आदेश दिएको छ । धेरै देशहरूले आफ्ना मुलुकमा प्रवेश गर्न विदेशीहरूलाई प्रतिबन्धको घोषणा गरेका छन् । अस्ट्रियाले पाँच भन्दा बढी व्यक्ति भेला हुन आइतबार प्रतिबन्ध लगाएको थियो । नर्वेले शनिबारदेखि नै अन्तर्राष्ट्रिय उडानहरू बन्द गर्ने घोषणा गरिसकेको छ । पोर्चुगलले पनि घातक कोरोनाभाइरसको विस्तारलाई सुस्त पार्न १०० भन्दा बढी व्यक्ति भेला नहुन आदेश दिएको छ । अष्ट्रेलिया र न्युजील्यान्डले विदेशबाट आउने जोकोहीले दुई हप्ता अलग्गै बस्नुपर्ने जनाएका छन् । अफ्रिकाका आधा दर्जनभन्दा बढी मुलुकमा कोरोनाको सङ्क्रमण देखिएको बताएका छन् । "कोरोनाभाइरस हामीमाथि प्रतिबन्ध लगाउने देशमाथि ईश्वरले दिएको दण्डसजाय हो," जिम्बाब्वेका रक्षामन्त्री ओपाह मुचिनगुरीले बताउनुभयो । दक्षिण अफ्रिकी राष्ट्रपति सिरिल रामाफोसाले प्रकोप प्रभावित मुलुकबाट आउने मुलुकका नागरिकका लागि देशको सिमाना बुधबारदेखि बन्द गरिएको घोषणा गर्नुभएको छ । दक्षिण अमेरिकामा थोरै सङ्ख्यामा सङ्क्रमण देखिएको छ, तर कोलम्बियाले भेनेजुएलासँग आफ्नो सीमा बन्द गरेको छ ।

### माल्दिभ्समा १३ जनामा कोरोना संक्रमण

माले, ३ चैत (रासस/सिन्ह्वा) ।

दक्षिण एसियाली मुलुक माल्दिभ्समा सोमबारसम्ममा प्राणघातक कोरोनाभाइरसबाट सङ्क्रमित व्यक्तिको सङ्ख्या १३ जना पुगेको माल्दिभ्स स्वास्थ्य सुरक्षा केन्द्र (एचपीए) ले जनाएको छ । पछिल्लो पटक तीन जना व्यक्तिमा कोरोना सङ्क्रमण देखिएको थियो । स्थानीय सञ्चारमाध्यमका अनुसार सङ्क्रमित तीन जनामध्ये दुई जना सफारीमा र एक जना अनातारा धिगु माल्दिभ्स रिसोर्टमा भेटिएका थिए । एचपीएले ११ जनालाई फारुकोल्हुमा अलग्याएर राखिएको जनाएको छ । यसैबीच, माल्दिभ्स सरकारले पूर्व सावधानीका लागि भन्दै १३ अर्ब अमेरिकी डलरको आपतकालीन कोष स्थापना गरेको जनाएको छ । राष्ट्रिय आपतकालीन विपद् केन्द्र (नियोक) का प्रवक्ता मोहमद माब्रुक अजीजले उक्त कोषको रकम चन्दा र आर्थिक सहायता प्रदान गर्न वितरण नगरिने स्पष्ट गर्नुभयो । उहाँले कोरोनाभाइरसको परीक्षणका लागि थप ५ हजार सामान माल्दिभ्स ल्याइएको पनि बताउनुभयो । पर्यटन मन्त्री अलि वाहीदले मुलुकको पर्यटन कोषबाट आवश्यक परेमा स्वास्थ्य उपकरण र प्राविधिक विज्ञहरू झिकाइने बताउनुभयो । गत साता, स्वास्थ्य मन्त्रालयले माल्दिभ्समा सार्वजनिक स्वास्थ्य आपतकालको घोषणा गरेको थियो । माल्दिभ्सले कोरोनाभाइरसको परीक्षणका लागि इन्दिरा गान्धि स्मृति अस्पतालबाट सेवा लिइरहेको छ ।

# मृतक परिवारलाई राहतस्वरुप तीन लाख दिने : मुख्यमन्त्री राउत

जनकपुरधाम, ३ चैत (रासस) ।

धनुषामा घरेलु मदिरा पिउँदा मृत्यु भएका व्यक्तिको परिवारलाई प्रदेश सरकारले रु तीन–तीन लाख राहतस्वरुप प्रदान गर्ने भएको छ ।

मुख्यमन्त्री लालबावु राउतले घरेलु मदिराको कारण सबैभन्दा बढी मृत्यु भएका क्षिरेश्वरनाथ नगरपालिकाको रम्दैया गाउँमा सोमबार विहान पुगेर पीडित परिवारलाई समवेद्ना प्रकट गर्दै सो राहत रकम प्रदान गर्ने घोषणा गर्नुभएको हो ।

सो अवसरमा उहाँले विषाक्त मदिरा विक्री वितरण तथा उत्पादन गर्नेलाई कानूनको दायरामा ल्याउने स्पष्ट पार्दै प्रदेशलाई चाडै 'खुल्ला मदिरामुक्त प्रदेश' घोषणा गर्ने जानकारी गराउनुभयो ।

रम्दैया पुगेको मुख्यमन्त्री राउतका साथै आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्रकुमार यादवले आजै सुरक्षा समितिको बैठक बस्ने जानकारी गराउँदै सो वैठकमा खुल्ला मदिरा नियन्त्रणका साथै दोषीमाथि कारवाहीको प्रक्रिया बढाउनेलगायतको विषयमा निर्णय हुने बताउनुभयो ।

रम्दैयामा विषाक्त रक्सी सेवनबाट मृत्यु भएका १४ परिवारलाई आइतवार सांसद रघुबीर महासेठले व्यक्तिगत रूपमा प्रत्येक पीडित परिवारलाई काजकिरियाका लागि रु २० हजार प्रदान गर्नुभएको थियो ।

# जनकपुर पटना चल्ने गाडी बन्द

जलेश्वर, ३ चैत (रासस) ।

कोरोना भाइरस सङ्क्रमणको त्रासले प्रदेश नं २ को राजधानी जनकपुरदेखि भारत विहारको राजधानी पटनासम्म चल्ने गाडी सेवा सोमबारदेखि बन्द भएको छ ।

कोरोना भाइरसले भारतमा असर देखाएको हुँदा जनकपुरबाट पटनासम्म चल्ने नेपाल–भारत मैत्री सेवा बस सञ्चालनमा सोमबारदेखि रोक लगाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारीले बताउनुभयो ।

दुई वर्षअघि भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले धनुषाको जनकपुरधामस्थित जानकी मन्दिरबाट संयुक्तरूपमा दैनिक यातायातका लागि जनकपुर पटना नेपाल–भारत मैत्री बस सेवाको उद्घाटन गर्नुभएको थियो ।

# घरेलु मदिरा बनाउने १४ पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ३ चैत ।**

सिरहा प्रहरीले अबैध घरेलु मदिरा उत्पादनमा संलग्न रहेको आरोपमा १४ जनालाई सोमबार पक्राउ गरेको छ ।

घरेलु मदिरा नष्ट पार्ने अभियान चलाएको प्रहरीले घरेलु मदिरा उत्पादन गर्ने कार्यमा संलग्न रहेको आरोपमा जिल्लाको बिभिन्न स्थानबाट १४ जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

अभियानका क्रममा घरेलु मदिरा बनाउने भट्टी भत्काउने, तयारी मदिरा नष्ट गर्ने र मदिरा उत्पादन कार्यमा संलग्नलाई पक्राउ गर्ने कार्य भईरहेको सिरहा प्रहरीले जनाएको छ ।

अभियान शुरु गरेपछि दुई दिनको अबधीमा प्रहरीले ३ हजार ४०० लिटर तयारी अबैध घरेलु मदिरा, ३२ हजार ७८० लिटर कच्चा पदार्थ समेत नष्ट गरिएको छ ।

त्यस्तै घरेलु मदिरा उत्पादन गर्न प्रयोग गरिएको १ सय ३१ थान भाडाकुडा, १५ थान मदिरा बनाउने मेसिन समेत नियन्त्रणमा लिइएको छ ।

छिमेकी जिल्ला धनुषामा घरेलु मदिराको सेवनबाट २० जना भन्दा बढी व्यक्तिको मृत्यु भएपछि सिरहा प्रहरीले घरेलु मदिरा नियन्त्रण अभियान शुरु गरेको हो ।

### *छतबाट लडेर ...*

अबस्थामा अचानक छतबाट तल लड्दा नबालक अन्सारीको टाउको पुरै फ्याक्चर भएको थियो । गम्भीर घाईते नबालकलाई उपचारका लागि लहानस्थित अस्पताल ल्याउदै गर्दा बाटोमै मृत्यु भएको इलाका प्रहरी कार्यालय लहानले जनाएको छ ।

# डिजेल, पेट्रोल र मट्टितेलमा दुई रुपैयाँ घट्यो, खाना पकाउने ग्यासमा यथावत्

**दैनिक समाचारदाता**
**राजविराज, ३ चैत ।**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ भने खाना पकाउने ग्यासको मुल्य यथावतै रहेको छ ।

निगमले डिजेल, पेट्रोल र मट्टितेलमा प्रतिलिटर दुई रुपैयाँले मूल्य घटाएको हो ।

नयाँ मूल्यअनुसार डिजेल र मट्टितेलमा प्रतिलिटर ९५ रुपैयाँ, पेट्रोल १०६ रुपैयाँ प्रतिलिटर र हवाई इन्धन आन्तरिकतर्फ ९० रुपैयाँ प्रतिलिटर मूल्य कायम भएको छ ।

यस्तै हवाई इन्धन आन्तरिकतर्फको मूल्य ४ रुपैयाँ ५० पैसा घटाएको छ भने एलपीजी ग्यास र हवाई इन्धन अन्तराष्ट्रियको मूल्य भने पुरानै कायम गरेको छ ।

सोमबार बसेको निगम सञ्चालक समिति बैठकले मध्य राती १२ बजेदेखि लागु हुने गरी डिजेल, पेट्रोल, मट्टितेल र हवाइ इन्धन आन्तरिकतर्फको मूल्य घटाएको हो ।

यता कोरोना संक्रमणले विश्व अर्थतन्त्रमा परेको प्रभाव तथा साउदी अरेयिबा र एसियाबीचको तेलको मूल्यमा भएको होडबाजीले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा भारी गिरावट आएको थियो ।

यसैबीच निगमले मुल्य घटाए पनि हाल बजारमा पेट्रोलियम पदार्थको अभाव रहेको छ । विश्वव्यापी रुपमा कोरोना भाइरसको संक्रमण देखिएपछि पेट्रोलियम पदार्थमा समेत अभाव भएको हो । व्यापारीहरुले पेट्रोलियम पदार्थको पूर्ती हुन नसकेको भन्दै अभाव भएको बताइरहँदा आमउपभोक्ताहरुले व्यापारीहरुले कालोबजारी गर्ने बहानमा त्यसको कृतिम अभाव सृजना गरेको आरोप लगाएका छन् ।

### *एसईईका ...*

माडवारी सेवा समिति लगायतका संघ संस्थाहरुसँग समन्वय गरि लहान गरक्षेत्रमा सरसफाई अभियानलाई समेत तिब्रता दिइने तयारी भईरहेको नगरप्रमुख साहको भनाई छ ।

## राजविराज नगरपालिका वडा नं. १ बाट जारिएको भएको सूचना

*मिति : २०७६/१२/३*

जिल्ला सप्तरी रा.बि.न.पा. साविक वार्ड नं. २ हाल १ बस्ने **गंगा प्रसाद दासले** तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति **२०७६/१२/३** मा द.न. **४४०६** को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाणसहित यस नगरपालिका कार्यालयमा निवेदन दिनहुन आउनु होला । अन्यथा कानुन बमोजिम भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

जि.स.रा.वि.न.पा. वडा.न. २ हाल १ बस्ने सजियादेवी कथबनियाँ नाउ दर्ताको जग्गा

| जिल्ला | गाविस/न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरिया | १ क | २९१ | ०-०-१३ |
| सप्तरी | दिघवा | १ ख | २३ | ०-५-१० |












देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*